विराटनगर महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ्ग
कोशी प्रदेश, नेपाल

## सेवा करार लिने सम्वन्धी सूचना

(दोश्रो पटक प्रकाशित मिति -२०८३/०५/१७)

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता अनुसार सन्चालित कार्यक्रम हो । यो कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित छ । सामी लाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । यस सामी कार्यक्रम अन्तर्गत मोरंङ्ग जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्न तथा विराटनगर महानगरपालिकामा वैदेशिक रोजगार सम्वन्धी सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको उक्त सूचना बमोजिम दरखास्त दिनु भएका मध्ये संघीय सरकारबाट प्राप्त भएको अनुदानका आधारमा देहायको पदमा मात्र पुनः ७ दिन थप समय दिई दोश्रो पटक यो सार्वजनिक सूचना आह्वान गरिएको छ । पहिले दरखास्त दिइसकेकाले पुनः दरखास्त दिनु नपर्ने र रिटर्नीको हकमा विज्ञापन नहुने भएकाले सो को पद मिलान गर्न सक्ने वा राजस्व प्रचलित कानून बमोजिम फिर्ता लिन सकिने बेहोरा जानकारीका लागि अनुरोध छ ।

| क्र. सं. | विज्ञापन नं | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | १/०८२-०८३ | जिल्ला कार्यक्रम संयोजक (अधिकृत छैटौ सरह) | १ | - मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको, कार्यक्रम व्यवस्थापन तथा संचालनमा ५ वर्षको कार्यानुभव भएको कम्तीमा २ बर्ष अधिकृतस्तरमा रहि कार्य गरेको अनुभव भएको।<br>- स्थानीय तथा प्रदेश सरकारसगँ निकटतम समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।<br>- कम्युटर सम्वन्धी ज्ञानका साथै Ms Office(Word, Excel, PowerPoint, Outlook, Email, KOBO Tool) सहजरुपमा चलाउन सक्ने र नेपाली र अग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने क्षमता भएको । नेपाली र अग्रेजी दुवै भाषामा वोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने। |
| २ | २/०८२-०८३ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (पाचौ तह सरह) | २ (एक जना महिला अनिवार्य) | - न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्ती ३ वर्षको कार्यानुभव भएको ।<br>- स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिईनेछ ।<br>- कम्युटर सम्वन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, PowerPoint, Email/internet आदि) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने । |
| ३ | ३/०८२- | मनोसामाजिक | १ | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा |

विराटनगर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | ०८३ | परामर्शकर्ता (पाचौ तह सरह) | | मान्यता प्राप्त विश्वधालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय तालिम केन्द्रवाट प्रमाणपत्र भएको र महिलालाई विशेष प्राथमिकता दिईनेछ । कम्युटर सम्वन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, PowerPoint, Email/internet आदि) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।<br>- <u>सामी कार्यक्रम अन्तरगत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा</u><br>- कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी राष्ट्रीय स्वास्थ्य तालिम केन्द्रवाट मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिई सो केन्द्रवाट प्रमाणपत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थपान प्रणालीमा सूचिकृत भएको । |
| ४ | ४/०८२-०८३ | वित्तीय साक्षरता सहजकर्ता (पाचौ तह सरह) | १ | - न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण गरेको ।<br>- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदवाट मान्यता प्राप्त उधम विकास सहजकर्ता सम्वन्धी डिप्लोमा कोर्स उतिर्ण गरेको लाई प्राथमिकता दिईने ।<br>- वित्तिय साक्षरता वा प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनको क्षेत्रमा कम्तीमा २ बर्षको अनुभव भएको ।.<br>- वित्तिय साक्षरता कक्षा संचालन वा साक्षरता कक्षा संचालन वा समुदायमा सामाजिक परिचालक वा सहजकर्ता भई काम गरेको ।<br>- वित्तिय संस्था, सहकारी, लधुवित्त समूह, विप्रेषण, वित्तिय व्यवस्थापन सम्वन्धी ज्ञान भएको।<br>- समूह गठन, परिचालन तथा समूह सहजीकरण सम्वन्धी अनुभव भएको। सम्पर्क समन्वय, द्धन्द व्यवस्थापन, प्रतिवेदन लेखन तथा सन्चार सम्वन्धी दक्षता भएको ।<br>- तालिम, कार्यशाला, वैठक आदि व्यस्थापन र सहजीकरण गर्न सक्ने। सम्वन्धित स्थानिय तहको सामाजिक र भौगोलिक अवस्थितिको जानकारी भएको तथा नियमित घरदैलो गर्न सक्ने र स्थानियस्तरको भाषामा कुराकानी गर्न सक्ने ।<br>- पारिवारिक व्यवस्थापन, आम्दानी, खर्च तथा रोजगारी सम्वन्धी ज्ञान |

विराटनगर महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ

कोशी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | | तथा अनुभव भएको र सहभागीहरुलाई बुझाउन सक्ने । <br>- कम्प्युटर सम्वन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, PowerPoint, Email/internet आदि) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने । <br>वैदेशिक रोजगारीमा गई फर्किएका व्यक्तिलाई प्राथमिकता तथा वित्तिय साक्षरता सम्वन्धी अनुभव, सामाजिक सशक्तिकरण सहजीकरण गरेको व्यक्तिलाई प्राथमिकता दिईने । |

**कार्य अवधिः** हाललाई २०८४ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ।

**उमेर** -अधिकृत सरह पदको हकमा पुरुषको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।अन्यको हकमा पुरुषको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**परिक्षाको किसिम**: लिखित, अन्तवार्ता र प्रयोगात्मक ।

**दरखास्त दस्तुर-** अधिकृत पदका लागि रु १०००।, सहायक पदका लागि रु ६००। मात्र।

**दरखास्त बुझाउने स्थान-** विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यलय. विराटनगर. मोरङ ।

**परिक्षा केन्द्र र परिक्षा हुने मिति-** पछि तोकिनेछ ।

**तलव तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई विराटनगर महानगरपालिकामा आवेदन पेश गर्नु पर्नेछ । तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रियाः** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । विराटनगर महानगरपालिकाको स्थानीयवासिलाई प्राथमिकता दिईनेछ ।

**दरखास्त दिने अन्तिम मिति** : २०८३।०५।२३ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।